Word → PDF BUY NOW Word to PDF Converter 6.0 (Unregistered) |
http://www.word-to-pdf-converter.net

# डा. हर्क गुरुङ प्रति हार्दिक श्रद्धाञ्जली

डा. गोबिन्द प्रसाद थापा

डा. हर्क गुरुङ प्रति श्रद्धाञ्जलीका दुई चार शब्दहरु लेख्दा पनि मलाई कताकता डर लागी रहेको छ। कतै हिमाल जतिको अग्लो र समुद्र जस्तो विशाल ब्यतित्वको बारेमा म जस्तो तुच्छ ब्यत्तिले लेखेको शब्दहरुले डा. हर्क गुरुङकों अपमान पो हुने त होईन भनेर अलिक हच्किन्छु पनि लेख्न। तर पनि उहाको सम्झनामा प्रकाशित हुन लागीरहेको श्रद्धान्जलीका मालामा मेरो यो स्यानो सर्मपण मार्फत एक अञ्जुली फूलका थुंगाहरु राख्न पाउदा मलाई अत्यन्त आत्म सन्तुष्टीको अनुभव भइ रहेको छ।

डा. हर्क गुरुङ संग मेरो पहिलो साक्षत्कार २०३१ सालमा उहांकै निवासमा मेरो आदरणीय जेठान स्व. धन बहादुर गरुङको पहलबाट भएको थियो। त्यस बेला म भरखर आफ्नो स्नातक सम्मको शिक्षा हासिल गरी देरादूनबाट काठमाण्डू आएको थिएं। देरादूनबाट फर्केको नाताले पनि साइनो लगाउन पुगेका थियौ हामिहरु त्याहां। देरादूनबाट फर्केकाहरुलाई आफ्नो तर्फबाट जे जस्तो सहयोग हुन सक्थ्यो उहाबाट हुने गर्थ्यो पनि त्यस्तै सहयोगको आसा लिएर गएका थियौं हामी पनि। अत्यन्त आत्मीयता साथ उहासंग कुराकानी भएको संझन्छु म। शायद त्यही पहिलो भेटघाटकै कारणले हो कि देरादूनबाट शिक्षादिक्षा हासिल गरी नेपाल फर्केका हरुले आपसी सहयोगका लागी स्थापना गरेको दून समाज को अध्यक्षता गर्दैछु म आज। एउटा यो सुखद संयोग पनि हुन पुगेकोछ।

डा.हर्क गुरुङले आफुलाई 'I am no climber but only a geographer interested in mountain' भनि परिचय दिनु भएको छ। उहां प्रकृतिको साधक हुनुहुन्थ्यो। उहांले लेख्नु भएको पुस्तक Annapurna to Dhaulagiri : A Decade of Mountaineering in Nepal Himalaya (1950-1960) को बारेमा वसुधाको पूणार्क १३ अंकमा J.O.M. Roberts ले उहाँको प्रशंसा गर्दै 'The book is a attribute to Dr. Gurung's Scholarly and meticulous approach to the mass of inaccuracies and omissions. In the mass of specialized detail presented in a work of this nature it would indeed be surprising if it was impossible to delect any errors at all.' भनि लेखेका छन्। उपर्यूक्त भनाई बाट डा. हर्क सन् १९६८ सम्म कति राम्रो लेखक भई सकेका थिए भन्ने स्पष्ट

Word → PDF BUY NOW Word to PDF Converter 6.0 (Unregistered) | http://www.word-to-pdf-converter.net

हुन्छ । यति राम्रो लेख्न सक्नुको पछाडी उहाँ भित्र प्रकृति प्रतिको अगाध मायाले प्रेरणाको रुपमा काम गरेको थियो भन्ने सोच्छु म । यति मात्र नभई उहाँले हिमाल आरोहणमा गोर्खाली सैनिकहरुको प्रयासका बारेमा खोजि गर्ने काम पनि गर्नू भएको छ । Peaks and Pinackles:Mountaineering in Nepal को छब्बिसौं भागमा Gurkhas and Mountaineering सम्बन्धी खोजपूर्ण लेख साच्चिकै ऐतिहासिक संगालोको रुपमा पाएको छु मैले । वेलायती वा भारतीय सेनामा कार्यरत रहेका कैयौं बहादुर र जन्मजात पर्वतारोहितहरुको बारेमा उहाँले खोजि कार्य गर्नू भएको छ । सन १८८९ मा फ्राँन्सेली यांगहस्वेन्डद्धारा नेतृत्व गरिएको काराकोरम पास (५५७५मी.) को जोखिमपूर्ण आरोहणमा पहिलो पटक गोर्खा सैनिकहरुलाई शामेल गराईएको र सन १९९२ मा मार्टिन कान्वेको नेतृत्वमा हिमालयको पहिलो आरोहणको कममा गोर्खा सैनिकहरुमा अमर सिंह थापा, करवीर बुडाथोकी, हर्कविर थापा, लाल्वीर थापा, र प्रतिमान रानाहरु शामेल भएको र निजहरुले नुशिक ला (Nusshik la, 5273m), पायनिर पिक (Pioneer Peak, 6888 m ), मोन्टव्लाँक (Mont Blanc) हिमालहरु आरोहण गर्नुका साथै आफ्नो सर्वेक्षणको सिलसिलामा ३९ वटा पास र २१ वटा शिखरहरु माथि विजय प्राप्त गरेको रोचक प्रसंगहरु कोट्याउनु भएको छ । त्यस्तै गरी सन् १९२२ मा सगरमाथाको सफल आरोही मध्ये ३ गोर्खा रेजिमेन्टका तेजवीर पनि रहेको खुलासा गर्नु भएको छ । यसबाट ओझेलमा परेका कयौं कुराहरु जनसमक्ष प्रस्तुत हुन सकेका छन् ।

डा. गुरुङ हिमाली पर्वतसंग कति नजिक र कति माया गर्नु हुन्थ्यो भन्ने उदाहरण उहाँको अध्यक्षतामा २१ जनवरी १९८३ मा गठन भएको कार्यदलले नेपालका हिमाली पर्वतहरुको अंग्रेजी नामको साटो स्थानिय भाषामा नामाकरण गरीनु पर्छ भनि पच्चिस वटा हिम शिखरहरुको लागी स्थानीय नाम सिफारीस गर्नु भएको थियो । जस्तै जुगल हिमालको Big White Peak (7083m) लाई लेम्पोग्यांग, अन्नपूर्णको Fang (7647m) लाई वराहशिखर, Fluted Peak (6501m) लाई सिङ्गचुली, Gablehorn (6248m) लाई गन्धर्वचुली, Glacier Dome (7193m) लाई चार्केक्यांङ्ग, खुम्बुको Island Peak (6169m) लाई इम्जात्से, मनास्लुको Peak 21 (7835m) लाई खान्डुएदीचुली, अन्नपूर्णको Rock Noir (7483m) लाई खाङ्गसरक्याँङ्ग, कंचनजंघाको Sphinx (6824m) लाई पाथिभरा पूर्व, Twin Peak (7350m) लाई गिमीगेला आदि नामबाट नामाकरण गरीनु पर्ने भनि सिफारीश गरेको पाईन्छ ।

डा. हर्क गुरुङको Peaks and Pinackles: Mountaineering in Nepal नामक पुस्तकको वसुधाको तेह्रै पूर्णांकका लागी लेख्नु भएका 'An attempt on Kagmara' लेख पढ्दा म अत्यन्त रोमंचित भएको छु । कारण के

Word → PDF BUY NOW Word to PDF Converter 6.0 (Unregistered) |
http://www.word-to-pdf-converter.net

भने उहाँले कागमाराको हिमचूली माथि सन् १९६६ मा चढ्ने प्रयास गर्नु भएको रहेछ र ५६०० मीटर सम्मको उचाईमा पुगनु भएको रहेछ । झण्डै त्यसको एघार वर्ष पछि १९७७ सालमा जापानको ओसाका अल्पाइन क्लबको कागमारा हिमाल पर्वतारोहण टोलीको काजी साहेब (सम्पर्क अधिकारी) का रुपमा तीन महिना जति कागमाराको वेस क्याम्पमा बिताएको थिएं मैले । सानै भए पनि अत्यन्त मनमोहक देखिने कागमाराको पहिलो क्याम्पसम्म त (26 April 1977 मा 5115 मी. ) म पनि पुगेको थिएं ।

पछिल्लो पटक २०६३ साल यहि कार्तिकको पहिलो साता मलाई United States Institute of Peace (USIP) ले वाशिङ्गटनमा द्वन्द ग्रस्त समाजमा सुरक्षा प्रणालीको सुधार सम्बन्धि बिषयको गोष्ठिमा भाग लिन बोलाएको बेला मैले डा. हर्क गुरुङज्यूसंग यस क्षेत्रमा मेरो आफ्ना अनुभव र विचार अमेरिकाको अन्य विश्वबिद्यालयमा र प्रतिष्ठानहरुमा समेत राख्ने इच्छा ब्यक्त गर्दै उहाँले चिनेजानेको कुनै ब्यक्ति वा संस्था वारेमा मलाई जानकारी गराउन अनुरोध गरेको थिएं । उहाले तत्कालै डा. नविन राई र प्रा. अशोक गुरुङको नाउं र ठेगाना समेत दिनु भएको थियो । आज त्यो नै उहाँ संगको मेरो अन्तिम सम्पर्क बनेको छ ।

डा. हर्क गुरुङको बारेमा मैले यति भन्दा धेरै केही लेखिरहनु पर्दैन । उहाँ आफैमा एउटा बिशाल ज्ञानको भन्डार हुनुहुन्थ्यो । उहाँलाई मैले एउटा देशभक्त, राष्ट्रवादी, राजनितिज्ञ, एवं चिन्तकको रुपमा मानेको छु । नेपालको राजनितिलाई उहाँले समावेशिय प्रजातन्त्रको बाटोमा अंगाल्न दिनु भएको मार्ग दर्शन अत्यन्तै समसामयिक र महत्वपूर्ण रहेको छ । मानव शरिर नश्वर वस्तु रहेछ । डा. हर्क गुरुङ्ग जस्ता महान विद्वानलाई नेपालले गुमाउनु भनेको एउटा नक्षत्रलाई गुमाउनु हो । उहाँले उठाउनु भएको लक्ष्यहरुको प्राप्तिका लागी उहाँकै नाउँमा विश्वलाई नै लाभ दिन सक्ने एउटा गरिमामय प्रतिष्ठानको स्थापना गरीनु पर्छ भन्ने मेरो सोच राख्दै महान व्यक्तित्व डा. हर्क गुरुङ्ग प्रति मेरो अश्रु पूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।